# नेपालका महत्वपुर्ण नगदेवालीहरु मध्येको अदुवा

- *कपिल लोहनी* *

हिमालयको काखमा अवस्थित नेपाल पुर्व-पश्चिममा औषतन ८८० किलोमिटर लामो छ भने उत्तर-दक्षिणमा १५० देखि २५० किलोमिटरसम्म चौडा छ । उँचाईको हिसाबले दक्षिणी सिमा समुद्रको सतहबाट कम्तिमा ६० मिटर मात्र अग्लो भएको यो राष्ट्र जति जति उत्तर तिर गयो, त्यति त्यति अग्लिँदै ८,८४८ मिटरसम्म पुग्छ र मौषमको हिसाबले पनि गर्मीबाट ठण्डी हुँदै जान्छ । यस्तो किसिमको भूबनोटले गर्दा सानो मुलुक भएर पनि नेपाल भौगर्भिक विविधताको हिसाबले धनी छ । हिमाली हावा, उर्वर माटो र लामो मनसुनको प्रभावले गर्दा यहाँ जैविक खेती (Organic Farming) को प्रचुर सम्भावना छ । कैयन् नगदे वालीहरुमा नेपालको स्थान निकै माथि भएको भएतापनि विविध कारणहरुले गर्दा हामीले यस्ता वस्तुहरुको प्रवर्द्धन अन्तर्राष्ट्रिय बजारमा राम्रोसँग गर्न सकेका छैनौं । नेपालमा उत्पादन हुने नगदेवालीहरुमा चिया, कफी, अलैंची, अदुवा, उखु, पटुवा (जुट), सुर्ती, अम्लिसो आदि निर्यातका प्रमुख उपज हुन् । यसपालीको लेखमा हामी अदुवाको वारेमा केहि चर्चा गर्नेछौं ।

नेपालले अदुवामा सन् १९८५ पश्चात विश्वका १५ ठुला उत्पादकहरुको सुचीमा नाम दर्ता गर्न सफल भएको हो भने त्यतिबेला नेपालको उत्पादन करिव ३५ हजार मेट्रिक टन जति मात्र थियो । सन् २०१९ को तथ्यांक अनुसार अदुवाको उत्पादनमा नेपाल विश्वमा नै भारत, चीन र नाईजेरिया पछि २ लाख ९० हजार मेट्रिक टन उत्पादन गरेर चौथो स्थानमा आउन सफल भएको छ । अदुवा ठुलो परिमाणमा निर्यात गर्ने मुलुकहरुमा चीन, थाइल्याण्ड, नेपाल, नाइजेरिया, निदरल्याण्स आदि पर्छन् ।

नेपाल सरकारले बेला बेलामा अदुवालाई प्रमुख निर्यात वस्तुको रुपमा प्राथमिकतामा राखेर देश भित्रका विज्ञहरु र विदेशी राष्ट्रहरुको सहयोगमा विभिन्न खाले अनुसन्धानहरु गर्ने गरेको भएपनि अदुवा व्यवसायमा खासै ठुलो फरक परेको छैन । यसको प्रमुख कारण नै हामी अदुवा निर्यातमा भारत माथि मात्र भर परेर बसेकाले हो । आज पनि अदुवाको करिव ९५ प्रतिशत निर्यात भारतमा नै हुन्छ, त्यो पनि अक्सर अदुवा बिग्रने बेला हुन लागेर वाध्य भई नेपाली निर्यातकर्ताहरुले मुल्य निकै हदसम्म नघटाउञ्जेलसम्म अदुवाको आयात गर्ने भारतीय व्यवसायीहरुले सबै नाकाहरुमा अदुवाका ट्रकहरु रोकेर राख्न वाध्य बनाई दिन्छन् । अर्को तर्फ नेपालले पनि अदुवालाई खेतबाट सिधै निर्यात गर्ने वाहेक यसको उत्पादन विविधिकरण गर्न सकेको छैन । नबिकेर बिग्रन लागेको अदुवालाई सुकाएर सुँठो बनाउने प्रविधि परापुर्वकाल देखिको नै हो । नेपालको कुल निर्यातमा झण्डै ७५ प्रतिशत सिधै खेतबाट निकालेको ताजा अदुवा र २५ प्रतिशत सुकाएको अदुवा पर्दछन् । हाल आएर बल्ल एकाध ठाउँहरुमा अदुवा धुने साना कारखानाहरु खुल्न थालेका छन् । त्यस्तै भारत बाहेक तेश्रो मुलुकमा अदुवा निर्यात गर्ने नीजि कम्पनीहरु पनि अब धमाधम खुल्ने क्रममा छन् ।

यसरी ९५ प्रतिशत उत्पादित अदुवा भारतमा निर्यात गर्ने नेपालले कुल अदुवा निर्यात मुल्यको झण्डै आधा रकम बराबरको अदुवा र अदुवाबाट बनेका विभिन्न वस्तुहरु पुनः चीन र भारतबाट आयात गर्छ । यति मात्र होइन, हाम्रो वितरण प्रणाली अति नै फितलो भएकोले, हामीसँग अदुवा नपाइने सुख्खा

मौषमका लागि भण्डारण गरेर राख्ने सुविधा नभएकोले र भारतसँग खुला सिमाना भएकोले पनि ताजा अदुवा समेत ठुलो परिमाणमा फेरी आयात हुन्छ नेपालमा ।

नेपालमा भएका अदुवा वारेका विभिन्न खोजहरुले नेपालमा उत्पादन हुने अदुवाको आकार, रंग, आर्द्रता र तेलको मात्रा सन्तोषजनक नै भएको पाइएको छ भने यसको गन्धमा पनि साधारणतया हुनुपर्ने कडा तिखोपना (Pungency) कायम नै छ । अदुवाका बिचौलिया व्यापारीहरुले कृषकहरुलाई न्युनतम मुल्य समेत दिन कन्जुस्याइँ गर्ने गर्दछन् । नेपालमा कृषि उपजहरुको बजार व्यवस्थापन नहोउन्जेलसम्म सुरक्षित भण्डारण गरेर राख्ने वेयरहाउसको राम्रो व्यवस्था नभएकोले किसान तथा निर्यात कम्पनीहरुले केही समयका लागि आफ्नो उत्पादनलाई भण्डारण गरेर राख्ने अवस्था पनि छैन । आधुनिक वेयरहाउसको व्यवस्था विभिन्न ठाउँमा भएको भए त्यहाँ भण्डारण गरेर राखेको कृषि उपजलाई धितो मानेर अल्पकालिन ऋण (Loan Against Warehouse Receipt) को समेत व्यवस्था मिलाउन सकिने थियो । नेपालमा बैंक तथा वित्तिय संस्थाहरुले फसल प्राप्त गर्न झण्डै छ महिना वा बढी समय लाग्ने अदुवा तथा अन्य कृषि उपजहरुको खेतीका लागि उपयुक्त ऋणका प्याकेजहरु नबनाएकाले किसानहरुलाई सरल विधिबाट ऋण लिन र चुक्ता गर्न निकै कठिन भएको छ । हाल आएर केही लघुवित्त संस्थाहरुले भने यस्ता किसान मैत्री ऋण प्याकेजहरु बजारमा ल्याउन थालेका छन् । ऋण प्याकेजका साथै पैसाको सही उपयोग गर्ने बानी बसाउन किसानहरुलाई वित्तिय साक्षरताको तालिम दिनु पनि अति आवश्यक हुन्छ ।

नेपालमा परिवारिक अंशवण्डा गर्दा घरजग्गा भाग लगाइने भएकोले वंशै पिच्छे कृषियोग्य जमिन खण्डित हुँदै गइरहेको छ । निकै सानो सानो भागमा विभाजित हाम्रा किसानहरुको जमिनमा वास्तवमा दैनिक निर्वाहको निम्तिमात्र खेती गर्ने गरिन्छ । त्यसैले यस्तो तवरले गरिएको खेतीको उत्पादकत्व पनि कम हुन्छ भने प्रत्येक खेतको कृषि उपजको गुणस्तर भिन्न भिन्न हुन जान्छ र कृषि व्यवसायीहरुलाई यस्ता साना साना खेतहरुबाट उत्पादन भएका उपजहरु जम्मा गर्न समेत कठिन हुन्छ । आजको बदलिँदो परिप्रेक्ष्यमा प्रत्येक समुदायमा भएका कृषियोग्य जमिनहरुमा जग्गा धनी कृषकहरुको सामुहिक खेती (Collective Farming) गर्न सकिन्छ । यसो गर्नाले पहाडी इलाकामा समेत साना खाले मेसिनहरुको प्रयोग गरेर उत्पादकत्व र आम्दानी बढाउन सकिन्छ भने खेतीको लागि ऋण होस् या विउ-विजन र मल-खाद होस् वा उत्पादित कृषि उपजको बजारको खोजीको सोच र चिन्ता एउटा किसानले मात्र नलिई पुरै समुहले लिने हुँदा सामुहिक व्यवसायिक सोचको पनि विकास हुँदै जान्छ । नेपालमा हालै आएर मात्रै सोचिन थालेको भाडामा कृषि यन्त्रहरु उपलब्ध गराउने निकायहरु (Agricultural Equipment Leasing Companies) पनि छिटो खुल्नु जरुरी भइसकेको छ ।

प्रतिकुल परिस्थितिमा पनि अदुवाको उत्पादनमा निकै उत्साहजनक प्रगति भइरहेको कुरा तथ्यांकले देखाउँछ । हाल नेपालमा ४ लाख भन्दा बढी किसान अदुवा खेतीमा संलग्न छन् भने करिव २५,००० हेक्टर जमिनमा यसको खेती हुने गरेको छ । विश्वमा अदुवाको माग प्रत्येक वर्ष बढ्दो छ । जाडोको मौषममा खासगरी सबै विकसित मुलुकहरुमा यसको माग निकै बढ्छ । सन् २०१९ का १५ मुख्य अदुवा उत्पादक राष्ट्रहरु भारत, चीन, नाइजेरिया, नेपाल, इन्डोनेशिया, थाइल्याण्ड, वंगलादेश, क्यामेरुन, जापान, फिलिपिन्स, माली, ताइवान, श्रीलंका, मलेशिया र इथियोपिया हुन् । यी वाहेक फिजी, दक्षिण कोरिया, ग्रेनाडा, आइभोरी कोष्ट, भुटान, अष्ट्रेलिया, वेस्ट इन्डिज, व्राजिल, आदि पनि अदुवाका प्रमुख उत्पादकमा नै पर्दछन् । यी सबै उत्पादक राष्ट्रहरु अदुवाको खपतको हिसाबले पनि निकै अग्रणी

स्थानमा पर्दछन् । यी वाहेक संयुक्त राज्य अमेरिका, जापान, वेलायत, जर्मनी, नेदरल्याण्डस र अन्य युरोपेली मुलुकहरु तथा साउदी अरेवीया र पाकिस्तान पनि अदुवा आयात र खपत गर्ने प्रमुख राष्ट्रहरु हुन् । विश्वमा कैयन् यस्ता राष्ट्रहरु छन्, जसले ताजा अदुवा आयात गरेर अदुवाका प्रशोधित विभिन्न वस्तुहरु निर्यात गर्दछन् ।

५ हजार वर्ष भन्दा पहिलेदेखि नै प्रचुर मात्रामा उपयोगमा आएको अदुवा एउटा निकै नै गुणकारी मसलाका साथै औषधीजन्य वस्तु पनि हो । विश्वका अधिकांश भान्सामा यो नभइ नहुने मसला हो । अदुवाले खानाको स्वादमा तिख्खरपना ल्याउनुका साथै जाडोमा यसलाई चियाको रुपमा सेवन गर्नाले ठण्डी लाग्नबाट बचाउँछ । मसला, औषधी वा पेय पदार्थको रुपमा जसरी प्रयोग गरेपनि अदुवाको नियमित सेवनले शरीरमा भएको विषादी तत्व नष्ट हुन्छ भने यसले सामान्य वायुको रोग देखि क्यान्सर जस्तो खतरनाक रोग लाग्नबाट समेत बचाउँछ । रगतलाई पातलो बनाउन मद्दत गर्ने अदुवाको सेवनले मुटुको रोग, मधुमेह, टाउको दुख्ने, रुघा-खोकी, पाचन प्रणालीमा सुधार ल्याउन, विभिन्न कारणले हुने वाकवाकी हटाउन र मोटोपना घटाउनमा समेत मद्दत पुग्ने मानिन्छ । त्यस्तै अदुवाको तेल विभिन्न किसिमका औषधीहरु र अत्तरहरु बनाउन प्रयोग गरिन्छ ।

हाल नेपालमा अदुवाको उपयोग र निर्यातमा देखिएको समस्याको मुल कारक तत्व खेतीमा पुरातन तरिकाको प्रयोगको साथै हामीले यसको उत्पादन विविधिकरण गर्न नसकेको र बजार र वितरणको व्यवस्था प्रभावकारी नहुनु नै हो । अदुवाबाट आवश्यकता अनुसार विभिन्न किसिमका वस्तुहरु उत्पादन गर्न सकिन्छ । प्रशोधित ताजा अदुवा, प्रशोधित अर्ध-पिँधेको अदुवा, सुकाएको अदुवा, पिँधेको लेदो (Paste) अदुवा, अदुवाको धुलो, अदुवाको विभिन्न खाले तेल, अदुवाको चकलेट र चिया, अदुवाको ट्क्रा, लेदो र सुख्खा अचार, आदि । अदुवाको धुलो विभिन्न प्रकारका खाद्य तथा पेय पदार्थको स्वादमा निखार ल्याउनको निम्ति समेत प्रयोग हुन्छ । यसरी खेतबाट सिधै अदुवा बजारमा पठाउनु भन्दा यसलाई प्रशोधन गरेर विभिन्न वस्तुको उत्पादन गर्दा अदुवाको मूल्य श्रृंखला वृहत हुन गई धेरै किसिमका व्यवसायीहरुले फाइदा लिन सक्छन् भने मुलुकको अर्थतन्त्रमा पनि यसले राम्रो छाप पार्नसक्छ ।

सरकारले गर्नुपर्ने महतवपुर्ण कामहरुमा अदुवाको बजार सम्भाव्यता अध्ययन गर्ने, अदुवाको गुणस्तर जाँच परिक्षण गर्ने प्रयोगशालाहरुको स्थापना गर्ने, अदुवाको उन्नत विउ उपलब्ध गराउनुका साथै यसमा लाग्ने विभिन्न खाले रोगहरुको परिक्षण तथा तिनको निदानका उपायहरु पत्ता लगाउने, वेयरहाउसहरु निर्माण गर्न प्रोत्साहन गर्ने, वेयरहाउसमा राखेका कृषि उपजहरुलाई धितो मानेर प्रवाह गरिने ऋृण सम्बन्धि कानुनी प्रावधानहरु बनाउने, कृषि बीमालाई प्रोत्साहन दिने, विभिन्न अन्तर्राष्ट्रिय व्यापार मेलाहरुमा अदुवा र यसबाट बन्ने वस्तुहरुको प्रवर्द्धन गर्नुका साथै साना तथा मझौला निर्यातकर्ताहरुलाई यस्ता मेलाहरु र अन्य सञ्चार माध्यमहरु मार्फत विश्वका विभिन्न मुलुकका आयातकर्ताहरुसँग भेटवार्ता गराई दिने, र अदुवाको सर्वमान्य बजार मुल्य निर्धारण गरी मुल्यमा अप्राकृतिक उतार चढाव हुन नदिन सहजकर्ताको भूमिका खेलिदिने ।

निर्यात प्रवर्द्धनका साथै आयात प्रतिस्थापन गर्नु भनेको विदेशी मुद्रा मुलुक बाहिर जानबाट रोक्नु हो । मुलुकमा उत्पादित वस्तुको घरेलु बजार व्यवस्थापन गर्न सकेमा अर्थतन्त्रमा त्यसको गुणक प्रभाव (multiplier effect) निकै राम्ररी पर्न जान्छ । त्यसैले नेपाली बजारमा उपभोग हुने अदुवामा

स्वदेशी उत्पादनलाई सरकारी स्तरबाट नै टेवा दिन सोही वस्तु विदेशबाट निर्यात गर्दा भारी भन्सार महसुल लगाउनु पर्छ । तर स्वदेशी उत्पादनलाई टेवा दिने नाममा विदेशी उत्पादनको विकल्प नै रोज्ने हक नदिनु पनि मानव अधिकारको हनन नै हो, त्यसैले विदेशी उत्पादनको उपभोग कम गरेर भारी भन्सार महसुलबाट बच्न उपभोक्ताले पनि गुणस्तरिय स्वदेशी उत्पादन प्राप्त गर्ने वातावरण बन्नु पर्छ । यसको लागि सरकारले स्वदेशी उत्पादनको गुणस्तर र आवश्यकता अनुसारको स्टकको जाँच नियमित रुपमा गरिरहनु पर्दछ । यो प्रकृयाले विस्तारै निर्यात हुने वस्तुहरुको गुणस्तर समेत वृद्धि हुँदै जान्छ ।

विश्वमा अदुवाको माग प्रत्येक वर्ष मसला र औषधी दुवै प्रयोजनमा बढ्नु र नेपालमा पनि यसको उत्पादन बढ्दै जानु तथा यसको गुणस्तर पनि राम्रै हुनु निकै सकारात्मक कुरा हो । विगत दुई दशकमा विभिन्न दातृराष्ट्रहरु खासगरी वेलायत, डेनमार्क, जर्मनी, संयुक्त राज्य अमेरिका तथा अन्य मित्रराष्ट्रहरु र संयुक्त राष्ट्र संघ तथा नेपालकै विभिन्न सम्बन्धित निकायहरुले समेत गरेका सोधकार्यबाट नेपालमा अदुवा खेतीको भविश्य अति राम्रो रहेको तर यसबाट बढी से बढी फाइदा पाउन भने नेपालले उत्पादनमा विविधिकरण र बजार व्यवस्थापन गर्नुपर्ने, माग अनुसार नियमित रुपमा गुणस्तरिय वस्तुको आपुर्ति गर्नसक्ने आश्वासन सहित स्वदेशी र विदेशी खरिदकर्ताहरुको विश्वास जित्न सक्नुपर्ने, तथा अदुवाको अनुसन्धान र विकास (research & development) मा विशेष ध्यान पुऱ्याउनु पर्ने कुरा वारम्वार व्यक्त गरेका छन् । यो सबका लागि नेपालको सरकार र नीजि क्षेत्रले अदुवासँग सम्बन्धित माथि उल्लेखित सबैखाले पुर्वाधारहरुको विकासमा राम्रै लगानी गर्नु जरुरी छ ।

* *लेखक विकास अर्थशास्त्री र पुर्वबैंकर तथा नेपाल एकल व्यक्तित्व समाजका अध्यक्ष समेत हुन् ।*

*२०७७ साल वैशाख १२ गते*